# नारी हृदय

भिक्षु अश्वघोष

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# नारी हृदय

भिक्षु अश्वघोष

आनन्दकुटी

स्वयम्भू

बु. सं. २५१८

प्रकाशक

तुल्सीमाया उपासिका

ध्मिलहें

Downloaded from http://dhamma.digital

Downloaded from http://dhamma.digital

# केही कुरा

कुनै पनि पुस्तक पढ्दाखेरि मनमा यो प्रश्न उठ्न सक्छ कि कसको कुरा सत्य हो ? यस प्रश्नको जवाफको लागि भगवान बुद्धले कालामहरूलाई दिनु भएको उत्तर अंगुत्तर निकायको तिक निपातबाट केही अंश उद्धृत गर्दछु ।

एक समय गौतम बुद्ध धेरै भिक्षुहरूसँग कोशल जनपदमा घुम्दै केशपुत्र भन्ने कालामहरूका निगममा पुग्नु भयो । त्यसबखत केशपुत्रीय कालामहरूले भगवान् बुद्धसँग सोधे–

भन्ते, यहाँ एकथरी श्रमण ब्राह्मणहरू केशपुत्रमा आउँछन् र उनीहरू आफ्नै वाद (मत) को प्रचार गर्छन् आफ्नै वादको बयान गर्छन् । अरूहरूका वादलाई होच्याउँछन्, ह्येय दृष्टिले हेर्दछन्, निन्दा गर्छन्, अग्राह्य ठान्दछन् । भन्ते, त्यस्तै अर्को थरी श्रमण ब्राह्मणहरू पनि.... .... । यसरी विभिन्न मत सुनेका हामीहरूलाई शङ्का र सन्देह हुन्छ कि तिनीहरूमध्ये कुन श्रमण ब्राह्मणहरूले सत्य भनेका हुन् कुनले असत्य ?

## कसैले भन्दैमा ग्रहण गर्नु पर्ने छैन

शंका र सन्देह गर्नु ठीकै हो । शंका हुनु पर्ने ठाउँमा शंका र सन्देह गऱ्यौ । हे कालामहरू ! आऊ, बस र मेरा कुराहरू पनि सुन– 'अनुश्रुतिबाट आएको' भन्दैमा, 'परम्पराबाट आएको' भन्दैमा, 'यति यति

Downloaded from http://dhamma.digital

कारणले यस्तै भनेको छ' भन्दैमा, 'हाम्रो धर्मग्रन्थ (पिटक) संग मिल्दो-जुल्दो छ' भन्दैमा, 'तर्क संगत छ' भन्दैमा, 'न्याय संगत छ' भन्दैमा, 'आकार-प्रकार राम्रो छ' भन्दैमा, 'हाम्रो दृष्टि (विचारधारा) सँग मेल खान्छ' भन्दैमा, 'यत्रो ठूलो मानिसले भनेको भन्दैमा र 'यी श्रमण पूज्य छन् (यिनले भनेको मात्र पर्छ)' भन्दैमा ग्रहण गर्नुपर्ने छैन । हे कालाम-हरू ! जब तिमीहरू आफै – यी धर्महरू (कुराहरू) अकुशल, सावद्य, विज्ञजनबाट निन्दित र यी धर्महरू पूर्ण रूपेण ग्रहण गरी पालन गर्दा अहित र दुःख हुनसक्छ भनी थाहा पाउँछौ तब तिमीहरूले त्यसलाई त्यागी देऊ । यस सम्बन्धी विस्तृत कुराको लागि पूज्य अमृतानन्द महास्थविरद्वारा लिखित "कसको कुरा सत्य हो" पुस्तिका पढ्नु होस् ।

मानव समाजको विकासको निमित्त स्वतन्त्र चिन्तन परमावश्यक छ । संसारमा अरू कुनै पनि गुरुहरूले नदिएको स्वतन्त्र चिन्तन गौतम बुद्धले आफ्ना अनुयायी शिष्यहरूलाई दिनुभएको छ । यो एउटा वहाँको अतुलनीय गुण हो ।

बुद्धको स्वतन्त्र चिन्तन तथा विचार हेर्दा सरल तथा सुगम जस्तो लागेता पनि बुझ्न र व्यवहारमा ल्याउनु त्यति सजिलो पर्दैन । बौद्ध समाजमा पनि पूर्णतः व्यवहारिक रूपमा आउनसकेको छैन भन्नु अत्युक्ति नहोला ?

बुद्धको अर्को महान देन हो मानिसहरूको पुरानो नराम्रो संस्कार-लाई हटाइ दिनु । प्रस्तुत पुस्तिकामा बुद्धले कसरी पुरानो कुसंस्कारलाई बदल्नु भएको छ भन्ने कुराको निमित्त यहाँ उदाहरण स्वरूप कथाहरू प्रस्तुत गरिएका छन् ।

Downloaded from http://dhamma.digital

बुद्ध-धर्म अरू धर्म जस्तो साम्प्रदायिक भावनाबाट प्रेरित धर्म होइन र व्यावहारिक पक्षपाती धर्म हो भनी जन समक्ष पेश गर्नु प्रस्तुत पुस्तिकाको मूल उद्देश्य हो ।

म नेपाली भाषाको लेखक नभएता पनि जानी नजानी सरल नेपाली भाषामा लेखी यो पुस्तिका प्रस्तुत गरिरहेछु । म भाषा प्रेमी हुँ तर व्याकरण प्रेमी होइन । अतः त्रुटि भएमा पाठकहरूले अवश्य क्षमा दिनु नै हुनेछ । मेरो विचार त जसरी जनजीवनमा बोलिन्छ त्यस्तै लेख्नुपर्छ । त्यही नै साहित्य हो ।

प्रस्तुत पुस्तिका बौद्ध साहित्यको आधारमा सम्पादित केही कथाहरूको संग्रह मात्र हो । यसमा समावेश भएका कथाहरू मध्ये नारी हृदय शीर्षक कथा बुद्धकालीन महिलाबाट केही अंश मात्र उद्धृत गरेको छ । अरू कथाहरू "हृदय परिवर्तन" नामक नेपाल भाषा (नेवारी भाषा) को रूपान्तर मात्र गरिएको छ ।

धिमेलोहँ बस्ने तुल्सीमाया उपासिकाको इच्छा हो "मर्नुभन्दा अगाडि धर्म सम्बन्धी पुस्तक छापी धर्मदान गर्नु" यसैको आधारमा आफ्नो श्रद्धा अनुसार चन्दा प्रदान गर्नु भएकोमा वहाँप्रति कृतज्ञता ज्ञापन गर्दछु ।

राम्रोसँग छापिदिएकोमा शाक्य प्रेसलाई पनि धन्यवाद छ ।

ध्यानकुटी, बनेपा

३२ ज्येष्ठ २०३१

—अश्वघोष

Downloaded from http://dhamma.digital

# नारी हृदय

घोषकको जन्म कौशम्बीवासी एक बेश्याको कोखमा भएको थियो । छोरा जन्मेको देखी गणिकाले उसलाई सडकको कसिगर फाल्ने ठाउँमा फाल्न लगाएपछि बालकलाई कौवाहरूले घेरी राखे । त्यसबेला कौशम्बी सेठको एक कर्मचारी सेठको घरमा जान लागिरहेको बेलामा उसले बाटोमा कौवाहरूको बथान देखी "के रहेछ" भनी हेर्दा भर्खर जन्मेको एक बालक देखी पुत्रस्नेह उत्पन्न गरी बालकलाई आफ्नो घरमा लग्यो । उसको नाम "घोषक" थियो ।

त्यसबेला कौशम्बिक सेठ पनि राजाको चाकरीबाट फर्किरहेको थियो र उसले बाटोमा एक ज्योतिषी पुरोहित ब्राह्मण भेटचो । अनि उनीसँग उसले "पुरोहित बाजे ! आज नक्षत्रको के हालखबर छ नि, नक्षत्र योग कस्तो छ त ?" भनी सोध्दा उनले त्यहीं बसी औंला गिन्ती गरी नक्षत्र योग विचार गरी भने—

"भो सेठ ! आज जन्मिने बालक यस नगरको सेठ हुनेछ ।"

त्यस समय सेठको धर्मपत्नी गर्भिणी थिई र भरे भोली भएकी थिई । त्यसैले हतारो हतारो गरी सेठ घर फर्की पत्नी सुत्केरी भइकी भइन भन्ने जान्न चाहन्थ्यो । पत्नी सुत्केरी भइनसकेकीले उसको मनमा यस्तो कल्पना उठ्यो—

Downloaded from http://dhamma.digital

"नगरमा आज कसैको घरमा बालक जन्मेको पाएमा मैले उसलाई ल्याउने छु र पछि मेरो पनि छोरै जन्मेमा त्यसलाई मार्न लगाउने छु । अनि मेरै छोरो यस नगरको सेठ हुनेछ । केही भएर छोरी पाएमा उसलाई मेरो छोरी दिई आफ्नै घरमा राख्नेछु ।"

यस्तो सोची उसले त्यसै दिन जन्मेको बालक खोजी गर्न पठायो। संयोगवश आफ्नै कर्मचारीको घरमा त्यसै दिनमा जन्मेको बालक पाई उसलाई एक हजार कार्षापण रुपैया दिई सो बालक आफ्नो घरमा ल्याई राख्यो।

केही दिनपछि सेठकी पत्नीले छोरा जन्माई । त्यसपछि सेठले त्यो बालकलाई मार्ने सङ्कल्प गऱ्यो । त्यो बालक नभएमा आफ्नै बालक नगरको सेठ हुनेछ भन्ने विश्वास लियो । यसै पाप सङ्कल्पको हेतुले उसले घोषक बालकलाई मार्ने निश्चय गऱ्यो ।

सङ्कल्प अनुसार काम गरिन्छ । खराब सङ्कल्प भए खराब काम, असल सङ्कल्प भए असलै काम गरिन्छ । त्यसैले धम्मपदमा सबै कर्मको मूल कारण मन नै हुन्छ भनी भनिएको हो ।

## हत्याको षड्यन्त्र

पापमा डुब्ने चित्त प्रवृत्ति भएको कौशाम्बिक सेठले घोषक बालकलाई मार्ने नै नियत गरी एक दिन आफ्नो काली भन्ने दासीलाई अह्राई सर्वप्रथम गोठको द्वारनिर छाड्न लगायो । गोठको ढोका खोल्दा अरू अरू दिनमा भए गोठका ठूला ठूला गाई-गोरुहरू सबभन्दा पछि निस्कन्थे । तर त्यस दिन गोठको ढोका खोल्ने बित्तिकै गोठको सबभन्दा ठूलो गोरु बाहिर निस्की सो बालकलाई आरक्षा गर्दै हज्जारौं गाई-गोरुहरूको धक्का खाएर पनि अडिग भई, निश्चल भई त्यहीं नै दैलोनिर

Downloaded from http://dhamma.digital

उभिरह्यो। गोठालोले देखी, आश्चर्य मानी "आज यो गोरु किन सबैभन्दा पहिले निस्की दैलोनिर सबैलाई असजिलो पार्दै उभिरहेको होला।" भनी हेर्न जाँदा गोरुको खुट्टामुनि एक दुधे बालक देखी विश्मित भई "यो बालकको प्राण बचाउन यसरी उभिरहेको रहेछ" भन्ने बुझी बालक प्रति स्नेह उत्पन्न गरी बालकलाई घरमा लग्यो।

जब सेठले बालक नमरेको र उसलाई गोठालाले आफ्नो घरमा लगेको खबर सुन्यो अनि उसले गोठालोलाई एक हजार कार्षापण दिई पुनः बालकलाई आफ्नो घरमा ल्यायो। समय बित्दै गएपछि पुनः एक दिन सेठले अर्को उपाय सोही काली दासीलाई अह्राई बालकलाई मसानमा छाड्न लगायो।

त्यस दिन आफ्नै अजपाल (गोठाला) सोही मसानतिर बोका, बाखाहरू चराउन गयो। बाखाहरू मध्येबाट एउटा ठूलो बाखाले सो बालक भएको ठाउँमा गई, घुंडामारी खुट्टामनी बालकलाई राखी दूध ख्वाई हज्जारौं बोका र बाखाहरूको कुल्चाइबाट बालकलाई बचायो। सबै बाखाहरू चर्दै गएर पनि उ त्यहीं नै घुंडामारी बसी नै रहेको देखी अजपाल गई हेर्दा बालकलाई दूध ख्वाई रहेको देखी बडो आश्चर्य मानी बालकलाई आफ्नो घरमा लग्यो।

सेठले फेरि पनि बालक बाँचिनै रहेको मात्र नभई उसलाई आफ्नै अजपालले आफ्नो घरमा लगी पालिराखेको खबर सुनी, उसलाई पनि एक हजार कार्षापण दिई बालक फिर्ता ल्यायो।

पाप चेतनाद्वारा गरेको काम सफल नभएकोले उसको मनमा झन् झन् डाह भयो र मूढतावश झन् उत्तरोत्तर उसको चिन्ता बढ्दै

Downloaded from http://dhamma.digital

गयो । पाप गर्ने मूर्खहरूको चित्तवृत्ति दिन पर दिन पापमै रमाए जस्तै पुण्य गर्ने पुण्यात्माहरूले पापबाट आफ्नो चित्तलाई हटाई पुण्यमै लगाउन थाल्छन् । तर कौशम्बिक सेठ माथिल्लो श्रेणीको भएको हुँदा उसले एकमाथि अर्को दरूण उपाय सोच्दै बालकलाई गाडा ल्याउने बाटोमा कुल्चाउनको निमित्त राख्न पठाउने अठोट गऱ्यो । यसै सङ्कल्प अनुरूप उसले एक दिन हज्जारौं गाडाहरू ल्याउने बाटोमा अर्थात् गाडा जाने लीगमा राखी दिनको निमित्त काली दासीलाई अह्रायो । बिहानको भोर नहुँदै सो बाटोमा शयकडौं गाडाहरू आए । अब सो बालक भएको ठाउँनिर पुग्यो अनि गाडाको दुबै गोरुहरू कत्ति पनि डेग चलेनन् । गाडीवानहरूले गोरुहरूलाई धेरै कुटे, चुट्न सम्म चुटे, सासना गरे तैपनि गोरुहरूका खुट्टाहरू किला ठोके जस्तै भएका थिए । गाडीवानहरूले बेस्करी चुटेपछि गोरुहरू झन् भुइँमा टासिएका जस्तै गरी थुचुक्क बसिदिए । गोरुहरू तान्न अनेक कोशिश गर्दागर्दै उज्यालो भएर आयो । आकाशमा सूर्यको किरण देखिन थालेपछि गाडीवानहरू "आज यी गोरु-हरू किन ढिटाहा भई बसेका होलान्" भनी यताउता हेरी अगाडिपट्टि हेर्न जाँदा एक बालकलाई देखे । अनि गाडीवानहरूले गोरुको प्रकृया देखी विश्मित भई "धन्य ! धन्य !! यी गोरुहरू !!! भन्दै उनीहरूले सो बालक लिएर गए ।

उता सेठले फेरि पनि बालक नमरेको खबर सुनी उसको मनमा झन् झन् डाह र ईर्ष्या बढेर आयो । फेरि गाडीवानसँगबाट एकै हजार कार्षापण दिई घोषकलाई फर्काएर ल्यायो । सेठहरूको निम्ति सो बालक आँखाको छारो समान हुन थाल्यो । व्यर्थमा बालक मार्ने मनोवृत्ति झन्

Downloaded from http://dhamma.digital

झन् बढ्दै गयो, मन पोल्न थाल्यो । तैपनि उपाय सोच्न छाडेको थिएन र भीरबाट खसाली दिऊँ भन्ने विचार गरी एक दिन सोही दासीलाई अह्राई भीरबाट खसाल्न पठायो । किन्तु बालकको कर्मशक्ति यत्तिको बलियो थियो कि त्यहाँबाट खसाल्दा एउटा बाँसको झाङमा परी मानो कुनै झोलीमा राखे जस्तै गरी त्यहीं झाङमा अड्क्यो । त्यस दिन बाँसको काम गर्ने मानिसहरू बाँस काट्न जाँदा झाङबाट आएको बालकको आवाज सुनी हेर्दा एक बालक देखी खुशी भई उसलाई लिएर गए ।

यो खबर सुनी सेठको मन झन् पोल्न थाल्यो । के गरौं कसोगरौं भई बालकलाई सोझो आँखाले पनि हेर्न सकेन । यसलाई नमारेसम्म आफ्नो बालक नगरको सेठ हुन सक्ने छैन भन्नेतिर मात्र विचार गई ईर्ष्याले जली जे गरेर भए पनि यसलाई नमारी छाड्ने छैन भन्ने भावना झन् दरिलो पाऱ्यो । त्यसपछि उसले झन भयानक उपाय सोच्यो ।

सेठको एक विश्वासी कुम्हाले साथी थियो । उसलाई भनी बालकलाई मार्न लगाई अवालभित्र हाली पोलिदिने दानवी विचार गऱ्यो । अनि उसले कुम्हाले कहाँ गई भन्यो—

"साथी ! आज म तिमीकहां एक विश्वासको कुरा गर्न आएको छु । मेरो घरमा एक कुजात बालक छ । उसलाई काटी तिम्रो अवाल पोल्ने बेलामा त्यसभित्र हाली भष्म पार्न परेको छ ।"

सेठको कुरा सुनी कुम्हालेले दुबै हातले कान बन्दगरी "अहो ! यस्तो काम कसरी गर्ने !" भन्दै डराउन थाल्यो ।

यस्तो भन्दा सेठले उसलाई फकाई एकहजार कार्षापणको थैली अगाडि राखिदियो । एकहजारको थैली देख्ने बित्तिकै कुम्हालेको

Downloaded from http://dhamma.digital

मन फर्क्यो र "त्यसो भए, फलाना दिनमा मेरो अवालमा भांडा पोलिनेछ, त्यस समय बालकलाई पठाई दिनुहोस्" भनी कुह्मालेले मुस्तरी जवाफ दियो ।

त्यसपछि कुह्मालेको अवालमा आगो राख्ने दिनमा सेठले घोषक-लाई बोलाई भन्यो– "पुत्र ! तिमी आज फलाना हाम्रा साथीको घरमा गई "बाबुले भनेको काम गरिदेऊ, भनी भन्न जाऊ" भनी पठायो ।

उनीहरूका बीच यस्तो कुरा भएको थियो कि सो दिनमा पठाइने बालकलाई काटी अवालभित्र हाली आगो लगाइ दिने ।

घाम झुल्किने बेलामा सेठले घोषकलाई कुह्मालेको घरमा जाने काम अह्रायो । विचरा सीधासाधा घोषक बालकको मृत्युको द्वार आज कुह्मालेको घर हुन गयो । बाटोमा उसले आफ्नो सहै भाई भनी संझी राखेको सेठको छोरालाई भेटयो । उ त्यहाँ गुच्चा खेलिरहेको थियो । दाइ चाहिँलाई देखेर उसले भन्यो—

"भो दाइ ! दिनभरी गुच्चाखेली रोटीहरू मैले जम्मै हारें । एउटा पनि रोटी जित्न सकिन । अतएव मेरो निम्ति गुच्चा खेलिदेऊ ।"

अनि घोषकले भन्यो– "भाइ ! मलाई बाबुले कुह्माले कहाँ गएर आऊ भनी अह्राएको छ । म खेल्न सक्दिन ।"

"भो दाइ ! त्यसो नभन । तिमी गुच्चा खेल्न सिपालु छौ । मलाई रोटी जिताइ देऊ । बरू म कुह्माले कहाँ गई बाबुले अह्राएको काम गरेर आउनेछु ।"

"त्यसो भए, तिमी त्यहाँ गई 'मेरो बाबुले भनेको काम गरिदेऊ' भनी कुह्मालेलाई भनी आऊ ।"

Downloaded from http://dhamma.digital

अनि सो बालक दाइ चाहिंको कुरा सुनी सांझ पख सरासर कुह्मालेको घरमा गयो। कुह्मालेले सो बालक आउनासाथ उसलाई दुइ टुक्रा पारी, काटकुट पारी माटोको भाँडामा राखी, अवालभित्र हाली हत्तरपत्त आगो लगाइ दियो।

उता घोषक कुमारले गुच्चा खेली धेरै रोटी जित्यो। भाइ आउला भनी धेरैबेरसम्म बाटोमा पर्खिरह्यो। सांझ परी सक्दा पनि भाइ चाहिं फर्केर नआएकोले उ कुह्मालेको घरतिर हेर्न गयो। उसलाई त्यहाँ नदेखेपछि "घर फर्किसक्यो होला" भन्ने विचारगरी आफू पनि सरासर घर फर्क्यो।

टाढैदेखि घोषक फर्किरहेको देखी कौशम्बिक सेठ चकित भई घोषकलाई "किन तँ कुह्माले कहाँ नगएको? जा तुरन्त फर्क!" भन्दै गालिगर्दै हप्काउँदा घोषकले विनम्रतापूर्वक आफू गइरहेको बेलामा भाइ चाहिले आफूलाई बाटोमा देखी उसले सारै जिद्दी गरेको हुँदा आफू गुच्चा खेली उ कुह्माले कहाँ गएको कुरा सुनाउने बित्तिकै आफ्नो ज्यू भरी तातो पानी खन्याइ दिएको जस्तो भइ, पसिना बगाउँदै सेठ दगुर्दै कुह्मालेको घरमा गयो। टाढैदेखि सेठ चिच्याउँदै 'पख पख" भन्दै कराउँदै कुह्मालेको घरमा आएको देखी कुह्मालेले "धेरै हल्ला नगर्नुहोस्, काम जम्मै सिद्धिसकेको छ" भनी सेठलाई सुनाउने बित्तिकै सेठ त्यहीं नै बेहोस भयो। त्यहाँदेखि उसको चित्त र मगज बिग्री पागल हुन थाल्यो। त्यसपछि चाल्नी जस्तै हृदय लिई सेठ घर फर्क्यो।

चित्त विक्षेप भएर बहुलाहा जस्तो हुँदा पनि कौशम्बिक सेठको विचारधारामा कुनै परिवर्तन आएन। उसको मन पाप चेतनाले भरिएको

Downloaded from http://dhamma.digital

थियो । आफ्नो प्राण छुउञ्जेलसम्म कुविचार गर्न छोडेन । मार्ने षड्यन्त्र गर्दा गर्दै घोषक कुमार पनि तन्नेरी हुँदै आयो ।

फेरि एक दिन सेठले घोषकलाई टाढाको एक आफ्नो गाउँमा पठाई मार्न लगाउने विचारले प्रेरित भई आफ्नो गाउँको मुखियालाई एक पत्र लेखी घोषकको तुनाम( बाँधी, उसलाई त्यहाँ पठायो । घोषक विचरा फेरि आफ्नै मृत्युको सन्देश आफैले बोकी सो गाउँमा गयो । एकै दिनमा सो गाउँमा पुग्न नसक्ने भएकोले घोषकले सेठसँग विनम्रतापूर्वक बाटो खर्च माग्यो । सेठले उसलाई बाटो खर्च चाहिंदैन । फलाना गाउँमा एक सेठको घर छ । उनी हाम्रा साथी हुन् । अतएव उनकै घरमा एक रात बास बसी भोलिपल्ट जाऊ भनी भन्यो ।

सीधासाधा तथा आज्ञाकारी घोषक सो गाउंमा पुगेपछि सेठको घर खोज्दै गयो । त्यसबेला सो सेठ दाह्री बनाउँदै थियो । घोषकले सो सेठको घर पत्ता लगाई त्यहाँ गई सेठलाई नमस्कार गऱ्यो । सेठले उसँग कहाँबाट आएको ह्वौ र कसको छोरा ह्वौ भनी सोधेपछि घोषकले सबै वृत्तान्त बतायो । सेठ बडो खुशी भयो ।

सो सेठकी पन्ध्रसोह्र वर्षकी एक सुन्दरी छोरी थिई । त्यसबेला उसको नोकर्नी फूल किन्न बाहिर जान लागेको देखी सेठले उसलाई बोलाई घोषकलाई बस्ने कोठा इत्यादि तयार पार्न अह्रायो । सेठले अह्राएको काम गरिसकेपछि उ फूल किनी फर्कंदा सेठकी छोरीले उसलाई "किन अबेर गरी आएकी ?" भनी हप्काउँदै गाली गरी । अनि उसले अबेर भएको कारण सबै सुनाई ।

"घोषक" भन्ने नाउँ सुन्ने बित्तिकै कुमारीको मनमा स्वतः अति

Downloaded from http://dhamma.digital

गहिरो प्रेम उत्पन्न भयो । अनि सो कुमारी दासीसँगै घोषक कुमार सुतिरहेको कोठामा हेर्न गई । त्यसबेला उसको आँखा घोषकको छातिनिर तुनामा बाँधि राखेको कागजको टुक्रोमा पर्न गयो र उसले "के रहेछ ?" भनी तुना फुकाली हेर्दा सो पत्रमा "यो पत्रवाहक मेरो घरको एक कुजात पुत्र हो । यसलाई मारी चर्पीको खाडलमा गाडो त्यसको खबर पठाएमा तिमी मबाट पुरस्कृत हुनेछौ" भनी उल्लेख गरेको कुरा पढ्दा उसलाई बडो दुःख लाग्यो र उसले त्यसको बदलामा "यस पत्रवाहक मेरो जेठो छोरो हो । तपाइँ गाउँलेहरू सबै मिली फलाना गाउँको सेठकी कन्या कुमारी मागी विवाह मङ्गल गरी मलाई सूचना पठाउनु होस्" भनी अर्को पत्र लेखी उसकै तुनामा बाँधिदिई ।

भोलिपल्ट सो गाउँमा पुगी गाउँको मुखियालाई घोषकले पत्र दियो । पत्र पाई गाउँका मुखिया सहित सबै गाउँलेहरू अत्यन्त खुशी भए । अनि पत्रमा उल्लेख भए अनुसार सोही गाउँको सेठसँग कन्या मागी विवाह मङ्गलोत्सव सिध्याई कौशम्बिक सेठ कहाँ खबर पठाए । सो खबर सेठले पाउने बित्तिकै उ बडो अचम्म भयो । चिताए ॐ एउटै पनि काम नभई झन् जम्मै काम उल्टो उल्टो मात्र भएकोले अन्तमा उसले घोषकलाई "चाँडै आऊ" भनी खबर पठायो ।

घोषकको पत्नीले त्यस गाउँका सबै मानिसहरूलाई भनी राखेकी थिई कि "कुनै पनि खबर आएमा पहिले मलाई न भनिकन मेरो पतिलाई नभन्नू ।

कौशम्बिक सेठको खबर ल्याउने मानिसलाई घोषककी पत्नीले मानमिजास गरी केही दिनसम्म पर्खिरहने कुरा बताई ।

Downloaded from http://dhamma.digital

अर्को पनि खबर लिएर मानिस आयो । उसलाई पनि त्यस्तै भनी । अर्को पनि मानिस खबर लिएर आयो । अनि उसँग घोषककी पत्नीले सेठको हालखबर सोधी । सन्देश वाहकले "अब त सेठ सिकिस्त छ । आज भोलि नै मृत्यु हुन सक्छ" भन्ने खबर सुनायो । त्यसपछि घोषककी पत्नीले आफ्नो पतिलाई "कौशम्बीमा फर्कने बेला भयो" भनी भन्दै उसलाई सिकाउनु पर्ने अति बुद्धि दिई । यिनीहरू कौशम्बीमा आइपुग्ने दिनमै सेठको पनि मृत्यु भयो । मृत्यु हुने बेलामा सेठले आफ्नो खजाञ्चीसँग "नगद सम्पत्ति कति छ" भनी सोध्दा खजाञ्चीले "चालीस कोटी छ" भन्दा सेठले "यो धन घोषकलाई नदिनू" भन्ने विचार गरी बोलि प्रकाश गर्न खोज्दा उल्टै "यो धन घोषकलाई दिनू" भनी भन्यो । यत्तिकैमा उसको प्राण पनि गयो ।

त्यसपछि कौशम्बीको राजाले घोषक कुमारलाई बोलाई चालीस कोटी धनको मालिक उसैलाई बनाई श्रेष्ठीपद पनि दिए ।

बुद्धकालीन महिला पृ० १८५

Downloaded from http://dhamma.digital

# बुद्धको मनोवैज्ञानिक उपचार

गौतम बुद्ध श्रावस्ती जेतवन विहारमा बस्नु हुँदा घटेको यो घटना हो । किशा गौतमी केटी गरीब कुलमा जन्मेकी थिइन् । तिनी राम्री थिइन् । त्यसैले तिनलाई उसकी आमा बाबुले धनी परिवारमा विवाह गरी दिए । गरीब कुलकी केटी हुनाले पतिको घरमा तिनले राम्रो व्यवहार पाएन । झन केही वर्षसम्म बच्चा नपाएकोले किशा गौतमीलाई अलच्छिन भन्न थाले । सासूहरूले घाम नलागेसम्म बुहारीको मुखँ नहेर्ने भयो । तिनलाई अनेक तरहले लाञ्छना लगाउनु थाले ।

त्यस्तो दयनीय अवस्थामा भाग्यवश तिनी दुई जीउकी भइन् । समय पुगेपछि तिनले पुत्ररत्न नै पैदा गरिन । अनि तिनको भाग्यको चक्र फेरियो । अलच्छिन किशा गौतमी लक्ष्मी बनिन् । अभागी किशा गौतमी भाग्यमानी बनिन् । खूब मान सत्कार पाउन थालिन् अन्धकारमय जीवनमा प्रकाश पर्न थाल्यो । पिडित र दुःखमय जीवन उल्लास र प्रीतिमय जीवनमा परिणत भयो ।

तर धेरै समय नबित्दै कालचक्रले पल्टा खायो । किशा गौतमीको जीवनज्योति बालकको अचानक मृत्यु भयो । अनि के त ! किशा गौतमीको जीवनमा फेरि अन्धकारले घेरन थाल्यो । तिनी पगली जस्तै

Downloaded from http://dhamma.digital

भइन् । तिनले यस बज्रपातलाई सहन सकिनन् । आफ्ना प्राण प्रिय मृत बालकलाई बोकी वैद्यहरूकहाँ गइन् र भनिन्—

"कृपया जसरी भए पनि औषधी गरेर मेरो बच्चालाई बचाइ दिनुस् । यो मेरो छोरो मेरो जीवनज्योति हो ।"

वैद्यहरूले भने– "मरीसकेको बच्चा बाँच्दैन पगली !" "जहाँ पनि पगली, बच्चा मरिसक्यो औषधी काम लाग्दैन" भन्ने कुरा मात्र सुन्न पर्दा किशा गौतमी झन बढी मानसिक पीडाले पीडित भइन् । तिनले बुझ्न सकिनन् मरेको बच्चा बाँच्दैन भन्ने कुरो ।

एकजना वैद्यले किशा गौतमीको दयनीय दशा देखेर करुणापूर्वक विचार गरे कि तिनलाई समझाउन सक्ने र शान्त्वना दिन सक्ने गौतम बुद्ध एक मात्र हुनु हुन्छ । त्यो सज्जनले तिनलाई गौतम बुद्धकहाँ पुऱ्याई दियो । किशा गौतमी बुद्धको अगाडि गएर भनिन्—

"हे दयावान भगवान् ! मेरो बच्चालाई बचाइ दिनुस् । तपाईं ठूलो वैद्य हुनुहुन्छ भन्ने सुनेर म यहाँ आएको छुं ।"

बुद्धले भन्नुभयो– बहिनी, म तिम्रो बच्चालाई बचाइ दिन्छु, एकछिन शान्तपूर्वक बस ।" त्यति सुन्ना साथ उसको अशान्त मनलाई ठूलो शान्त्वना मिल्यो । पगली स्वभाव कम हुन थाल्यो । एकछिन पछि फेरि भन्न थालिन—

"भगवान छिटै मेरो बच्चालाई बचाई दिनुहोस् ।

गौतम बुद्धले भन्नुभयो– "बहिनी, हडबडले काम हुँदैन । अरू रोगी जस्तो तिम्रो छोरा होइन । विशेष प्रकारको औषधी बनाउनु पर्छ । औषधी बनाउने सामान छैन ।"

Downloaded from http://dhamma.digital

किशा गौतमीले हतपत सोधिहालिन्– "औषधीको लागि के ल्याउनु पर्‍यो त ?"

बुद्धले भन्नुभयो– चोखो घरबाट एक मुठी तोरी ल्याउन पर्‍यो । चोखो मतलव कहिले कोही पनि नमरेको घर हुनु पर्छ ।

बुद्धको आज्ञा स्वीकार गरी किशा गौतमी एक मुठी तोरीको खोजमा गइन् । घरैपीछे ढोका खटखटाई तोरी एक मुठी मागिन् । तोरी पाइसके पछि चोखो घर होकि होइन भनी सोध्दा कतै पनि चोखो घर पाउन सकिनन् । सबै घरमा कोही न कोही मरेको खबर मात्र पाइन्थ्यो । अनि किशा गौतमी आफैले महसूस गर्छिन् ए ! ! सबै मर्नु पर्ने रहेछ । म पनि एकदिन मर्नु पर्छ । मेरो छोरा पनि मरिसक्यो । अब मरिसकेको छोराको केको माया ? अब मलाई घरमा वा माइतीघर जानेको सत्ता भगवान् बुद्धको शरणमा जानु श्रेय छ । यति विचार गरी तिनी बुद्धकहाँ गइन् । बुद्धलाई नमस्कार गरिसकेपछि तिनले भनिन्–

"भन्ते ! मेरो बच्चालाई जिलाउनलाई तपाईंले जुन वचन दिनु भएको थियो अब त्यो वचन पूरा गर्नु पर्दैन । मेरो आँखा खुल्यो । म तपाईंको शरण आउनु चाहन्छु कि तपाईंले मलाई शरण दिनु हुन्छ ?

"बहिनी ! स्वागत छ । यहाँ अबला र अशरणहरूलाई सधैं ढोका खुला छ ।" अनि तिनी बुद्ध धर्ममा शरणागत भई भिक्षुणी बनिन् । यसरी तिनको हृदय परिवर्तन भयो ।

## टिप्पणी

तत्कालीन अबला महिलाको लागि बुद्धको शरण जानु बाहेक अरू के चारा छ र ? धनीले धनमदमा डुबी बच्चा नपाएको बुहारीलाई

Downloaded from http://dhamma.digital

कुदृष्टि नगरेको भए, तथा अन्धविश्वास नभएको भए किशा गौतमी पगली कहाँ हुन्थी ? आज पनि अन्धविश्वासले गर्दा अबला महिला-हरूलाई दयनीय जीवन यापन गर्नु परिरहेछ । कुनि हाम्रो समाजबाट यस्तो अन्धविश्वास कहिले हट्ने हो ?

जे होस यस कथाबाट तत्कालीन समाजको चित्रण र तथागतको उपदेश शैलीको परिचय प्राप्त हुन्छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# मैले तिमीसित जात सोधेको छैन

गौतम बुद्ध श्रावस्ती जेतवन विहारमा बस्नु हुँदाको यो घटित घटना हो। गौतम बुद्धको निजी सचिव भिक्षु आनन्द भिक्षाटन जानु भएको थियो। प्राप्त भएको भिक्षा एउटा रूखमुनि बसी भोजन गरिसके-पछि तिर्खा मेट्न पानीको खोजमा हिंडे।

एउटा इनारमा एउटी केटी पानी लिइरहेको देखे। भिक्षु आनन्द पात्र लिई सरासर इनारतिर लागे र भने—

"बहिनी, मलाई साह्रै तिर्खा लागेको छ, अलिकति पानी दिन सक्छौ ?"

म अछुत (नीच जातिका) कन्या हुँ। मेरो हातबाट पानी खान हुन्न भनी प्रकृति चाण्डालिकाले साह्रै नम्र स्वरले जवाफ दिइन्।

"मैले तिमीसित जात सोधेको छैन। पानी मागिरहेछु, मलाई पानी देऊ।"

प्रकृति अछुत कन्या एक छिन वाल्ल परिन्। भय र डरले तिनको मुटुको ढुकढुकी बढ्न थाल्यो। आखिर विवश भई भिक्षु आनन्दको पात्रमा पानी खन्याई दिइन्।

तिनले मनमनै कुरा गर्न लागिन् "जातसित वास्ता छैन रे! म अछूत कन्या भन्दाभन्दै पनि मेरो हातबाट उनले पानी खाए! त्यो

Downloaded from http://dhamma.digital

को ? कति राम्रो ! कति राम्रो मिजास ! स्वर पनि कस्तो मिठो ! उसको हिंडाइमा एकदम शान्तपन देखिन्छ । अभिमान भनेको छँदै छैन कि जस्तो लाग्छ । आहा ! कति मजाको जीवन बिताउन पाउँला ! यसरी प्रकृति चाण्डालिकाले भिक्षु आनन्द प्रति प्रेमको दृष्टिले हेर्न लागिन् । तिनी भिक्षु आनन्द देखी मोहित भइन् ।

भिक्षु आनन्द भिक्षा आउँदा प्रकृतिले उनलाई पछ्याउन लागिन् । जेतवन विहार नपुगेसम्म पछि पछि जान्थिन् र फर्केर आउँथिन् । यो कुरा भिक्षु आनन्दलाई केही थाहा थिएन ।

अब प्रकृति चुप लागेर बस्न सकिनन् । तिनले आफ्नै आमालाई मनको कुरो सबै पोखिन् ।

तिनकी आमाले भनिन्— छोरी ! तिमीले नहुने मानिससित प्रेम गरेछौ । तिम्रो इच्छा पूरा हुनेछैन । आनन्द भिक्षु हो । श्रमण हो । आनन्दको मन दरो छ । उनी तिम्रो प्रेममा फस्दैनन् ।

प्रकृतिको आमाले कुमन्त्र जानेकी थिइन् । कहिलेकाहीं देउटा बनी चमत्कार देखाउन सक्दथिन् । अतः प्रकृतिले आमालाई भनिन्— आमा ! तपाईंले अनेक मंत्र जान्नु भएको छ । ती मन्त्रको बलले आनन्दलाई हाम्रो घरमा तान्नु पर्‍यो ।

आमाले भनिन्- छोरी, मेरो मन्त्र त्यस्तो मानिसलाई लाग्दैन ।

त्यसो भए तपाईंको मन्त्रको केही मूल्य नै रहेन । मलाई चाहिने बेलामा काम आएन । आनन्द विना म बाँच्न सक्तिन । प्रकृतिले धमकी दिन लागिन् ।

प्रकृति एकली छोरी थिइन् । आमालाई एकली छोरीको माया

Downloaded from http://dhamma.digital

लाग्ने र मन पर्ने त स्वाभाविकै कुरो भयो। आमाले चाहिंले विचार गरिन् मेरी छोरीको जीवन बचाउनै छ। भोजन गराउने बहानाले भिक्षु आनन्दलाई निमन्त्रणा गरेर उनलाई मेरी छोरी अर्पण गरी दिनु पऱ्यो। यस्तो विचार गरी भिक्षु आनन्दलाई निमन्त्रणा गरिन्। समयमा उनी घरमा आए। तर तिनले भोजनको प्रबन्ध नगरीकन तलदेखि ढोका बन्द गरेर छोरीको इच्छा पूर्ति गर्नमा तनमन भइन्।

भिक्षु आनन्दले यो कुरा थाहा पाए छ। उनलाई आपत पऱ्यो। उनी रोमाञ्चित भएर गौतम बुद्ध स्मरण गर्दै यस झमेलाबाट मुक्त हुन जबरजस्ती ढोका खोलिकन बुद्धकहाँ पुगे।

प्रकृति पनि पछि पछि लागिन्। तिनले तथागतको सम्मुख चञ्चल भइकन सोधिन्—

भगवान्, आनन्द कहाँ छ ?

"बहिनी, आनन्दलाई किन खोजेको ?"

"मैले आनन्दलाई प्रेम गरी सकेकी छु। म उनीसित बिहे गर्न इच्छा गर्दा गर्दै पागल बनी सकें। भन्नुस् आनन्द कहाँ छ ? कृपा गरी मलाई आनन्द देखाइ दिनुहोस्।"

"बहिनी, तिमीले सांच्चै नै आनन्दलाई मन पराएको हो ?"

तिनले भनिन्— "उनको कारणले नै पागल बनी सकें।"

"त्यसो भए एउटा कुरा भन्छु। आनन्द पढं लेखेको मान्छे, उनी कथा भन्नमा निपुण छ, उनको स्वभाव शान्त दान्त र गम्भीर छ। उनले पहेंलो वस्त्र लगाएको छ। कपाल खोरेको छ। यदि तिमी आनन्द-लाई आफ्नो पति बनाउन चाहन्छौ भने तिमीले पनि आनन्दले जस्तै

Downloaded from http://dhamma.digital

पहेंलो वस्त्र लगाउनु पर्छ, कपाल काट्नु पर्छ र पढ्नु पर्छ । होइन भने आनन्दलाई तिमीले पाउँदैनौ ।"

प्रकृतिले सोधिन्– त्यसो गरिदिए मैले आनन्द पाउन सक्छु त ?

बुद्धले भन्नुभयो— हो नि ! दुइटा बत्ति एउटै ठाउँमा राख्दा प्रकाश बढे झैं तिमीहरू दुबै जना विद्वान शिक्षित भएपछि अन्धकार लोप हुन सक्छ ।

"त्यसो भए मलाई पहेंलो वस्त्र दिलाई दिनुस् ।"

प्रकृति अब भिक्षुणी बनिन् । खूब मेहनत गरेर पढ्न थालिन् । गौतम बुद्धले तिनको मन बद्लिने शिक्षा दिनुभयो । जब बुद्धि परिपक्व हुन थाले तब तथागतले दुःख कहाँबाट आउँछ, किन दुःख हुन्छ, दुःख अन्त गर्नलाई के गर्नुपर्छ भन्ने कुराहरू स्पष्ट पारी दिनुभयो ।

प्रकृतिको आँखा खुल्यो । उनी अलमलिन थालिन् । म कहाँ पुगें । मलाई के भएको ! आनन्द त बिहे नगर्ने मान्छे पो रहेछ ! आनन्दसित अति प्रेम भएकोले म पागल बनें । क्षणिक प्रेमले गर्दा मलाई शोक र पीरले सताइएको थियो । कस्तो मानिससित प्रेम गर्न लागेको रहेछु । आखिर प्रकृति विरक्त भइन् । अब म पनि बुद्धले देखाउनु भएको बाटोमा हिंड्ने छु भन्ने अठोट गरिन् । तिनको शोक र चिन्ता दूर भयो । यस प्रकारले प्रकृतिको हृदय परिवर्तन भयो । ★

## टिप्पणी

प्रस्तुत कथाको अन्त आधुनिक युवक युवतीलाई नमिठो लागे पनि प्रकृतिको जीवन सुखान्त भएको रमाइलो छ भन्नु जाति छ । बुद्धकालीन समाजको चित्रण प्रस्तुत कथामा दर्शाएको छ जस्तो लाग्छ ।

Downloaded from http://dhamma.digital

# छिट्टै आउनुहोस्

बुद्धत्व प्राप्त गरी सकेपछि बुद्धले सारनाथमा धर्मचक्र प्रवर्तन गर्नुभयो। त्यहाँबाट राजगृह जानु भई आफूले पत्ता लगाएको नयाँ खोजको ज्ञान प्रचार गर्नु भयो। राजगृहबाट कपिलवस्तु जानुभयो। धेरै जसो शाक्य परिवारहरू बुद्धको स्वागतार्थ बाटोसम्म आए। राजदरबार-बाट यशोधरा बाहेक अरू सबै बुद्धको स्वागतार्थ निस्के। यशोधरा ठान्दै थिइन् कि सिद्धार्थ कुमारले गृहत्याग गर्दा मलाई थाहा नदिइकन सुत्त भागे। म निहुरिएर उनको स्वागत गर्न किन जाने ? अब मेरो अधीनमा पनि त बस्ने छैन। साँच्चै मानव हृदय भएको भए बुद्ध स्वयं म कहाँ आउनु हुनेछ। यशोधराले चिताए झैं गौतम बुद्ध साँच्चै नै यशोधराको कोठामा आफै जानुभयो।

बुद्ध कपिलवस्तुमा भिक्षाटन जानुभयो। यस राजकुलका राज-कुमार भिक्षा माग्दै छ भन्ने कुरो सुनेर शुद्धोदन महाराज बुद्ध कहाँ जानु भई भने—

"— मेरो राजकुल र राजसंस्कृतिको अपमान किन गरेको ?"

बुद्धको उत्तर हो–महाराज, अब म राजकुलको होइन। मेरो वंश श्रमण वंश हो। मेरो संस्कृति बुद्ध र श्रमण संस्कृति हो। यसमा ऊच-नीच, धनी-गरीब आदिको भेदभाव छैन। अभिमानीलाई ठाउँ छैन।

Downloaded from http://dhamma.digital

अन्धविश्वासलाई स्थान छैन । आफूले आफैंलाई राम्रै चिनी परस्पर सहयोग र कर्तव्य पालन गर्नु नै मेरो संस्कृतिको मूल लक्ष र उद्देश्य हो।

"तँ पनि दरबारमा भोजन गर्नु हुन्छ ?"

"हुन्छ"

"त्यसो भए भिक्षुहरू सहित भोजनलाई आउनुहोस् ।"

"भिक्षुहरू सहित बुद्ध दरबारमा जानुभयो ।"

राजदरबारमा नन्दकुमारको विवाह उत्सब धुमधामसाथ मनाई रहेको रहेछ । जनपद कल्याणीलाई दरबारमा भित्र्याई सकेको थियो ।

गौतम बुद्ध भोजन गरी उठ्नु भयो । भिक्षापात्र त्यहीं नै छाडेर जानु भयो । नन्दकुमारले पात्र लिई दरबार बाहिरसम्म पुऱ्याउने विचारले बुद्धको पछि पछि लागे । तर बुद्धले पात्र लिनु भएन । नन्द-कुमारले बुद्धलाई पात्र लिनु होस् भन्न पनि सकेन ।

दरबारिया सखीहरूले जनपद कल्याणीको कानमा आर्य नन्द-कुमार बुद्धको पछि पछि लागे भन्ने खबर पुऱ्याइदिए ।

कपाल कोरिरहेकी जनपद कल्याणीले हतरपतर झ्यालबाट हेरी भनिन्—

"तुवटं खो अय्य पुत्त आगच्छथ" अर्थात् आर्यपुत्र छिट्टै आउनुहोस् ।

यस वाक्यले नन्दकुमारको मुटु ढुक्ढुक् हुनथाल्यो । तुरन्तै फर्कन मन लाग्यो । तथागतले भने पात्र लिनु भएन । भिक्षापात्रलाई फ्यांकेर जाउँ भने त्यो पनि भएन । त्यस्तो गर्न सक्ने पनि होइन ।

नन्दकुमारलाई विहारसम्म जान करै लाग्यो । बुद्धले नन्दकुमार-लाई भन्नुभयो– नन्द, भिक्षापात्र साऱ्है गह्रौं त भएन ?

Downloaded from http://dhamma.digital

नन्दकुमार चूप लागे ।

फेरि बुद्धले भन्नुभयो– नन्द, पहेंलो वस्त्र धारण गरीकन भिक्षा पात्र बोकी रहन मन पर्दैन ?

नन्दकुमारले बोल्न सकेन । उनको मनमा भुइँचालो आयो । मन पर्दैन भनूँ भने बुद्ध जस्तो महान व्यक्तिको वचन उल्लङ्घन हुने । मन पर्छ भनूं भने भर्खर विवाह गरेको जनपद कल्याणीको वियोग हेर्नुपर्ने । उनको मनमा खूब अन्तर्द्वन्द हुन थाल्यो ।

बुद्धले भन्नुभयो– नन्द, के सोचिरहेको ?

मन नलागे तापनि नन्दले उत्तर दियो– म पनि पहेंलो वस्त्र धारण गर्छु ।

तथागतले नन्दकुमारको केश काटी उसलाई श्रमण कुमार बनाई दिनुभयो । नन्द कुमारलाई एउटा गुफा भएको जंगलमा पठाई दिनुभयो । तर नन्दकुमारको शरीर मात्र जंगलमा मन त जनपद कल्याणीसंगै थियो । ध्यान गर्न आँखा चिम्ल्यो कि जनपद कल्याणीले "छिट्टै फर्केर आऊ" भनेको आवाज मात्र कानमा पर्थ्यो । मनमा डाँवाडोल भइरहन्थ्यो । नन्दकुमार पागल जस्तै हिंड्न लागे । जंगलको एक चट्टानमा जनपद कल्याणीको रूप चित्रित गरी भावना गर्न शुरू गरे । मलाई यो पहेंलो वस्त्र मन पर्दैन । म मेरी अर्धांगिनी जनपद कल्याणीसंग जीवन बिताउन चाहन्छु भनी भुनभुनाउन थाले ।

भिक्षुहरूले नन्दलाई समातेर बुद्धकहाँ लगे । बुद्धले सोध्नुभयो– किन नन्दलाई यहाँ ल्याएको ?

"नन्दकुमार जनपद कल्याणी मात्र समझना गरी जंगलमा पागल

Downloaded from http://dhamma.digital

जस्तै भुनभुनाइरहन्छ । भिक्षु जीवन मन पर्दैन रे । त्यसैले यहाँ ल्याएको भन्ते !"

सम्यक सम्बुद्धले नन्दकुमारको हात समातेर फेरि अर्को जंगलमा लैजानु भयो । जंगलमा एक घोरी बाँदरनीलाई देखाएर नन्दसित सोध्नु भयो– यो घोरी बाँदरनी राम्री छे कि तिम्रो जनपद कल्याणी ?

नन्दकुमार रीसले चूर्ण भई भने– त्यो घोरी बाँदरनीसित मेरो जनपद कल्याणी कसरी तुलना गर्नु सक्नु भएको ?

"नन्द, भइगो, भइगो, जनपद कल्याणी साह्रै राम्री छिन्" भनीकन बुद्धले नन्दलाई अन्तै लैजानु भयो जहाँ कि अप्सरा जस्तै राम्री राम्री आइमाईहरू छन् । तथागतले अप्सराहरूतिर संकेत गर्नु भई नन्द-कुमारसित सोध्नु भयो– यी अप्सराहरू राम्रो छन् कि तिम्रो जनपद कल्याणी ?

नन्दकुमारले खुट्टादेखि टाउकोसम्म आँखा घुमाए । यिनीहरूको अगाडि जनपद कल्याणी त केही पनि होइन भने ।

"त्यसो भए तिमीलाई अप्सराहरू मनपर्छ ? मनपर्छ भने विवाह गरी दिन्छु" बुद्धले भन्नुभयो ।

"अप्सराहरू कसलाई मन पर्दैन ?"

तर अप्सराहरू विवाह गर्न एउटा शर्त पालन गर्नुपर्छ । त्यो के भने जनपद कल्याणीलाई जसरी भए पनि बिर्सनु पर्छ । तिम्रो मन साह्रै चञ्चल भैरहेछ । मनलाई वसमा राख । मन जहाँ जहाँ जान्छ उता तिमी नजाने । शरीर जहाँ जहाँ जान्छ उता मन पठाउने । त्यसो गर्न सके अप्सराहरूसित विवाह गराउन म जमानी बस्छु ।

Downloaded from http://dhamma.digital

बुद्धको यो वचन सुनेर नन्दकुमारले अप्सरा पाउने लोभमा ध्यान भावना गर्न शुरू गरे । समय समयमा जनपद कल्याणी सम्झिन्छ । अनि ए ! जनपद कल्याणीलाई बिर्सनु पर्छ भन्नु भएको भनी विचार गरी जबरजस्ती तिनलाई बिर्सन कोशिश गरे । किनकि जनपद कल्याणीको सम्झना रहुञ्जेल अप्सरासित विवाह गर्न नसकिने ।

अरू भिक्षुहरूले पनि जिस्क्याइन्थे कि नन्दकुमारले अप्सराहरू पाउनको निमित्त समाधिमा लागिरहेछ ।

ध्यान भावना गर्दागर्दै आफ्नु मन काबूमा राखे । जनपद कल्याणीलाई बिर्सिदिए । फेरि विचार गरे– साह्रै मनपर्ने जनपद कल्याणी अब बिर्सें, कारण राम्री राम्री अप्सराहरू देखें । फेरि त्यो भन्दा राम्रा राम्रा अप्सराहरू देखेमा यी अप्सराहरू मन नपर्ने हो कि ! यो मेरो मन कस्तो विचित्र छ ! वास्तवमा यो भिक्षु जीवनमा विवाह गर्नै नसकिने । अप्सराहरूको पछि पछि लाग्यो भने त कहिले पनि सन्तोष र शान्ति पाउन सक्तैन । अस्ति जनपद कल्याण सम्झी पागल भएँ । त्यसैमा मन गएकोले चित्त साह्रै चञ्चल भएको थियो । अब त्यसो भएन । अब यी अप्सराहरू पनि मलाई चाहिएन । यसरी विचार गरीकन बुद्ध कहाँ गएर भने–

भन्ते, तपाईंले अप्सरा विवाह गरिदिने जिम्मा लिनु भएको थियो अब त्यसको चिन्ता नगर्नु होला । मलाई अप्सराहरू पनि मन परेन । जनपद कल्याणी पनि बिर्सें । अब मेरो आँखा खुल्यो । मेरो हृदय परिवर्तन भयो ।

यसरी बुद्धले आफ्नो भाई नन्दलाई मात्र होइन छोरा राहुल

Downloaded from http://dhamma.digital

कुमारलाई पनि लगी भिक्षु बनाएर शुद्धोदन महाराजको मन विह्वल पारी दिनुभयो। महाराज शुद्धोदनले आफ्नू हृदय सन्तापको कुरा सुनाउँदा बुद्धले भन्नुभयो– महाराज, मेरो काम अपराध जस्तो लागे तापनि मैले नन्दकुमार र राहुल कुमारहरूलाई लगेको अपवादबाट बच्नको निमित्त हो। राजदरबारमा आफ्नो भाई र छोरा छँदा छँदै अरूको छोराहरू कसरी लैजाने। फेरि मलाई त राजकुमारहरू र धनी महाजनहरूका छोराहरूलाई भिक्षु बनाई त्यागीहरूको संख्या बढाएर धनी-गरीबको भेदभाव मेटिदिनु हो।

जे होस् यहाँ नन्दकुमारको हृदय परिवर्तन गर्नु भएको तरिका उल्लेखनीय छ। यहाँ विशेष विषय त हृदय परिवर्तनको हो।

●

Downloaded from http://dhamma.digital

# आइमाईमा पनि बुद्धि छ

गौतम बुद्ध राजगृहमा बस्नु हुंदाको घटना हो । राजगृहमा एकजना महाजन थियो । उसको एउटी मात्र छोरी थिइन् । तिनको नाउं हो भद्राकुण्डलकेशा । महाजनले योग्यवर नपाउनाले तरुनी अवस्थासम्म छोरीलाई घरैमा राखी छोडे । तर कुण्डलकेशाले आफ्नै टोलमा राजपुरोहितको छोरा सत्थुकसित प्रेम गर्न थालिन् । तिनी सत्थुक प्रति आशक्त भइन् । त्यो सत्थुकको अनुहार राम्रो भएता पनि चरित्र राम्रो थिएन । अपराध कार्यमा लागेकोले उसलाई प्राणदण्डको सजाय मिल्यो । उसलाई प्राणदण्ड दिनलाई लैजाँदाखेरि कुण्डलकेशाले देखिन् । अनि के त आफ्नो प्रेमी सत्थुकलाई बचाउन प्रतिज्ञा गरी अनशन (सत्याग्रह) शुरू गरिन् । कुण्डलकेशाको बाबु राजगृहको कोषाध्यक्ष थियो । ऊ आफ्नी छोरीलाई ज्यादै माया गर्थे । छोरीको दशा देखी चिन्तित भयो । अन्तमा उसले वास्तविक कुरो थाहा पाएपछि हजारौं रूपैया घूस दिई अपराधीलाई प्राणदण्डबाट मुक्त गरी दियो र आफ्नी छोरी उसैलाई सुम्पी ज्वाइँ बनायो ।

केही महीनापछि दुष्ट सत्थुकको मनमा विचार उठ्यो घरमा बसी बसी काम गरेर के जीविका चलाउने ! चोरी गरेर खाने बानी भइसकेको मानिसलाई काम गरेर खानु सजिलो छैन । उसले विचार गर्‍यो कुण्डलकेशाको गहनाहरू लिएर भाग्ने । एक दिन उसले भद्रालाई

Downloaded from http://dhamma.digital

भन्यो– प्रेमी, एउटा भन्छु — अस्ति मलाई प्राणदण्ड दिनलाई लैजाँदा एउटा वृक्ष देवताकहाँ प्रार्थना गरेको थिएँ कि – यदि म प्राणदण्डबाट बचें भने ठूलो बलिपूजा गर्न आउँछु । अब मेरो ज्यान बच्यो । त्यसैले त्यो भाकल पूजा गर्नु परेको छ ।

भद्राले सोझो मनले खुशीले गद्‌गद् भई भनिन्– "अब मैले के गर्नु पऱ्यो त स्वामी ?"

उसले भन्यो– पूजा सामान तयार पार्ने र तिमीले राम्रो लुगा र जति गहनाहरू छन् सबै लाउने ।

कुण्डलकेशा दुष्ट सत्थुकको कुरा नबुझी आज्ञा पालन गरी तुरन्त तयार भइन् । (आइमाईहरू गहनाको पूजारी त हो नि ।)

दुबैजना एउटा पहाडको जंगलतिर लागे । भयङ्कर जंगल र पहाडको माथिसम्म पुगे । त्यहाँको दृश्य डरलाग्दो र सूनसान थियो । पहाडको टुप्पामा पुग्ना साथ त्यो दुष्ट सत्थुकले भने–

भद्रा, हामी यहाँ आएको कुनै देवतालाई बलिपूजाको लागि होइन । तेरो गहना सबै फुकाल, आज तेरो 'बलिपूजा' हुनेछ ।

कुण्डलकेशाले भनिन्– स्वामी, यो गहणा कसको ? हामी दुबै एकै न हो ? चाहिएमा तुरन्त दिनसक्छु । किन मलाई मार्न खोज्नु भएको ?

"बढ्ता कुरा नगर । म कथा सुन्न चाहन्न । गहना फुकाल, अवश्य तिम्रो आज अन्त हुनेछ" भनी दुष्ट सत्थुकले भन्यो ।

कुण्डलकेशा पनि मामुलि आइमाई थिइनन् । बुद्धिले काम लिने खालकी थिइन् । तिनले विचार गरिन्– यो दुष्टलाई मैले आमाबाबुको कुल मर्यादालाई भंग गरी प्रेमावेशमा आफ्नो बनाएँ । प्राणदण्डबाट

बचाएँ । तर यो विश्वासघाती नरपशु भएर निस्क्यो । मलाई नै मार्न खोजेको । त्यस्तो दुष्ट मानिसलाई समाजमा बस्न दिनु अभिशाप हो । उसलाई नमारिकन किन छोडूं ।

कुण्डलकेशाले आफ्नो स्वामीसित भनिन्– त्यसो भए यो हाम्रो अन्तिम मिलन भयो । मेरो एउटा इच्छा पूरा गरी दिनु हुन्छ कि ?

के तेरो इच्छा भनी सोध्दा भद्राले भनिन्– म तपाईंलाई तीन-चोटो प्रदक्षिणा गरी एकचोटी म्वाइ खान चाहन्छु । त्यो दुष्ट सत्थुक यसमा राजी भयो । भद्राले हात जोडी म्वाइ खाने बहाना गरेर पछाडी-बाट ढकेलीकन पहाडबाट खसाली दियो । त्यो दुष्टले सदाको लागि प्राण त्याग गरे ।

कुण्डलकेशा गौतम बुद्धकहाँ गएर भनिन्– भन्ते, म अपराधिनी हुँ । तपाईंले मलाई शरण दिनु हुन्छ ?

बुद्धले भन्नुभयो– बहिनी, के अपराध गरेर आयौ ?

उनले आफ्नो पतिदेवलाई मारेर आएको सबै कुरा र कारण बताइन् ।

बुद्धले भन्नुभयो– बहिनी, तिमीले गरेको काम ठीक छ । ठीक ठाउँमा बुद्धिले काम लियौ । बुद्धि भनेको चीज लोग्नेमानिसमा मात्र हुन्छ भन्नु ठीक छैन, आइमाईमा पनि बुद्धि छ । स्थानोचित प्रज्ञा हुनुपर्छ । "बहिनी, तिमीलाई स्वागत छ । मेरो शासनमा तिम्रो निम्ति ढोका खुल्ला छ, आऊ, तिमीलाई स्वागत छ ।" भद्राको हृदय परिवर्तन भयो ।

यो कथाबाट प्रष्ट हुन्छ कसैले विना कारण मार्न आएमा 'अहिंसा परमो धर्म' भनी चुपचाप बस्ने व्यवहारिक धर्म होइन संघर्ष गर्नुपर्छ ।

Downloaded from http://dhamma.digital

# दानव फेरि मानव

जन्मतः मनुष्य पवित्र छ । जन्मेपछि केही वर्षसम्म बच्चा पवित्र मनुष्यको प्रतिनिधित्व गर्छ । बच्चालाई कुनै कुराको चिन्ता हुँदैन । जब बच्चा वातावरणमा जीवन बिताउन थाल्दछ, तब विस्तार विस्तारै समाजको विषम हावा उसमा लाग्न थाल्छ । अनि पवित्र हृदय विस्तार विस्तारै अपवित्र हुँदै जान्छ । कोही कोही वंशानुगतको प्रभावले गर्दा बचपनदेखि स्वभाव बिग्रेको देखिन्छ । प्रायः विषम समाज र परिस्थिको प्रभावले गर्दा मानव दानव हुनजान्छ । भगवान बुद्धले भन्नु भएको थियो– 'पभस्सरमिदं भिक्खवे चित्तं तंच खो आगन्तुकेहि संकिलिट्ठं ।" अर्थात् मानवको हृदय त पवित्र थियो तर बाहिरी वातावरणको कारणले अपवित्र हुन गयो । उदाहरणको लागि अंगुलिमालको हृदय लिन सकिन्छ ।

अंगुलिमालको खास नाम अहिंसक थियो । अंगुलिमाल पछिको नाम हो । अंगुलिमाल अहिंसक छंदा ऊ एक विद्यार्थी थियो । विद्या अध्ययनमा ऊ असाधारण थियो । ऊ जेहन्दार र मेहनती थियो । एकातिर ऊ अनुशासन प्रिय थिए त अर्कोतिर गुरुभक्तिमा ज्यू-ज्यान दिन पनि हिच्किचाउँदैनथे । उसको श्रेणीमा अरू सयौं विद्यार्थीहरू पढ्थे, परन्तु अहिंसक जस्तो प्रतिभाशाली अरू निस्कन सकेनन् । अहिंसकको प्रतिभा र अनुशासनप्रियताले गुरुजीलाई विशेष प्रभाव पारेको थियो ।

Downloaded from http://dhamma.digital

विशेषतः गुरुजी अहिंसकलाई अभिरूचिको साथ पढाउँथे र स्नेह पनि गर्दथे । अहिंसक पढाइमा जति तेजिला थिए परीक्षाफलमा पनि उसले अग्रम स्थान सुरक्षित गर्थे, जसले गर्दा अरू साथीहरू ऊ देखि ईर्ष्यावश भित्र भित्रै जलिएका थिए । अझ गुरुजीको ऊ संगको सम्बन्धले गर्दा उसका अरू साथीहरू डाहले छटपटिन थाले । उनीहरू अब प्रतिस्पर्धा मात्र सीमित नरही अहिंसक प्रति कुदृष्टि लगाई उसलाई गुरुका दृष्टिबाट टाढा राख्न षडयन्त्र रच्न थाले । विस्तार विस्तारै अहिंसकको बारे गुरुजीको समक्ष कानेखुसी गर्न थाले । गुरुजीले भने त्यसमा वास्तै गर्नु भएन । तैपनि अहिंसक प्रति जलन र दुश्मनीले गर्दा एक पछि अर्को चुक्ली आइरहन्थे । तर गुरुजीको उपेक्षा नीति बदलेनन् । अहिंसकको कमजोरी र गल्ति फेला पार्न उनीहरूले सक्दो प्रयास गरे । तर सफल हुन सकेनन् ।

एकदिन गुरुजीलाई केही दिनको लागि बाहिर जाने काम आइ पऱ्यो । आफू जानु भन्दा अघि अहिंसकलाई बोलाई घरको काम काज देखभाल गर्न अभिभार दिनु भयो । घरमा गुरुजीकी श्रीमती सिवाय अरू कोही थिएन ।

जब गुरुजी आफ्नो काममा बाहिर जानु भयो त अहिंसकको प्रतिद्वन्दीहरूले परस्पर षडयन्त्र बारे चर्चा गर्न शुरू गरे । उनीहरू मध्येमा एकले सुझाव राख्यो कि अब राम्रो मौका हो, जब गुरुजी फर्केर आउनु हुन्छ तब हामी सबै एकमत भई अहिंसक गुरुजीकी पत्नीको व्यभिचार सम्बन्धी शिकायत प्रस्तुत गरौं । यस कुरामा त अवश्य ध्यान दिनु हुन्छ । सबैले एकै स्वरमा समर्थन गरे ।

Downloaded from http://dhamma.digital

गुरुजी यात्राबाट फर्केपछि अहिंसकको दुश्मनहरूले जसरी सोचेका थिए त्यस्तै गरे। यसपालि दुश्मनहरूको कुरामा गुरुजीलाई विश्वास भयो। फलस्वरूप अहिंसक प्रति जुन प्रेम र आदर थियो त्यो सबै लोप हुन गयो। गुरुजी यस्तो रिसाउनु भयो कि उनीहरूको कुरामा कहाँ तक सत्यता र वास्तविकता छ त्यो पनि विचार गर्न सक्नु भएन। उल्टा यसरी निश्चय गर्नु भयो कि अहिंसक साँच्चै नै विश्वासघाती हो, यसलाई त मारिदिनु उचित हुन्छ।

गुरुजीले एकदिन अहिंसकलाई आफूकहाँ बोलाएर भन्नु भयो– अहिंसक ! तिमीले धेरै शिक्षा हासिल गर्‍यौ। मैले जति जानेको छु, त्यो सबै विद्या तिमीलाई पढाइ सकेको छु। अब तिमी घर जान सक्छौ। हो, तिमीलाई एउटा कुरा भन्न चाहन्छु। मेरो आशीर्वाद प्राप्त गर्नको निमित्त तिमीले मलाई गुरुपूजा गर्नु पर्छ। अरू केही चीजको मलाई आवश्यक छैन। केवल मानिसहरूको हज्जारवटा चोर औंला काटेर औंलाहरूको माला बनाई गुरु दक्षिणा दिनु। बस यत्ति मात्र म तिमीबाट गुरु दक्षिणाको भीख माग्छु।

अब भयो के ? गुरुजीको विद्वत्ता र शिक्षकको महत्व माटोमा मिल्यो। यता अहिंसक विद्वान र शिक्षित भएर पनि अन्ध गुरुभक्तिले उसलाई पनि कुपथमा ढकेली दियो।

अहिंसक धनुष र तलवार चलाउनमा दक्ष थियो। गुरुभक्तिमा अन्धश्रद्धा भएको अहिंसकले धनुष, तलवार काँधमा राखी गुरुको आज्ञा शिरोपर गरी गुरु दक्षिणार्थ ऊ शहरबाट टाढा प्रसिद्ध व्यापारिक मार्गमा गई बसे, यसरी त्यहाँ लुकी लुकी उसले उक्त मार्गमा आउने यात्रीहरूलाई

Downloaded from http://dhamma.digital

समात्दै चोर औंला काटेर लिनथाले । औंला काटिएका पीडित नरनारी गाउँ, घर, शहरमा गई स्वर मचाउन थाले । मानिसको आवत-जावत त्यहाँ झन् झन् कम हुँदै गयो । गुरु दक्षिणाको तीव्र आकांक्षामा लालायित भएकोले उसले अब नरहत्या गरेर पनि एक हजार औंला जम्मा पार्ने निधो गरेर हत्या गरे पनि ।

अब अहिंसक मानव संहार गरेर हिंसक दानव बन्यो । अब उसमा मानवता रहेन । उसको कुशाग्र बुद्धि वास्तविकतालाई बुझ्नु र सम्झनुमा होइन, गुरुपूजा गरेर गुरुको आशीर्वाद पाउनमा संलग्न भयो ।

कोशल प्रदेशमा हाहाकार मच्चियो । कसैले उसलाई समात्न सक्तैनथे । नर संहार गरेर औंला काटिन्थ्यो र अंगुलि-माला बनाउँथ्यो । परन्तु अभाग्यवश अंगुलि-मालाको औंलाहरू कुनै मुसाले खाइदिन्थे त कुनै बाज आदि पंक्षीले उडाई दिन्थे । अन्ततः विवश भएर आफ्नो गलामा स्वयं औंलाका माला लगाउन शुरू गरे । त्यसबेलादेखि त्यो अंगुलिमाल डाकूको नामले प्रख्यात भयो । अब उसको इच्छा पूरा गर्न एक औंला मात्र बाँकी रह्यो । उसले विचार गर्‍यो, आज चाहे आफ्नो आमा आओस् या बाबु कसैलाई नमारीकन छोड्दिन । जसरी हुन्छ बाँकी एक औंला जम्मा पारी आफ्नो लक्ष्य पूरा गर्नेछु ।

यता कोशल राजाले पर्याप्त रूपमा सैनिक संगठित गरिसकेपछि जनताको बीच घोषणा गरे कि आज अंगुलिमाल डाकूको अन्तिम दिन हो । यो खबर सुनेर जनतामा अपार आनन्द र हर्षले नाच्न थाले ।

कोशल राजाको यस घोषणाले अंगुलिमालको आमा र गौतम बुद्धलाई दुःख लाग्यो । अंगुलिमालको आमा आफ्नो एक मात्र पुत्र आज

Downloaded from http://dhamma.digital

सदाको लागि लोप हुने भएकोले उनको मातृ-हृदय विह्वल भयो । परन्तु गौतम बुद्धलाई किन दुःख ? गौतम बुद्धले अंगुलिमालको सम्पूर्ण कहानी सुनी सक्नु भएको थियो । गौतम बुद्धले सोच्नु भयो र बुझ्नु भयो कि दुष्ट साथीहरूको ईर्ष्या र जलनको फलस्वरूप तथा शिक्षकको अदूरदर्शिताले त्यो अहिंसक मानवलाई हिंसक दानव बनाइदियो । तर मलाई लाग्दछ र अझ पनि समय छ उसलाई कुपथबाट सुपथमा लैजान र फेरि मानव बनाइदिनु । वास्तवमा अंगुलिमाल डाकू होइन, हत्यारा होइन, ज्यानमारा होइन । केवल उनका सहपाठीहरूका ईर्ष्या, छुल्याइँ र गुरुजीको अविवेक, अदूरदर्शिताको फलस्वरूप विचराले यस्तो दुर्दशा भोग्नु पऱ्यो । अतः उसको उद्धार गर्नु नै आज मेरो प्रथम कर्तव्य हुन आउँछ । मलाई पूरा विश्वास छ उसको हृदय अवश्य पनि परिवर्तन हुनेछ ।

तथागत सरासर अंगुलिमाल कहाँ जानुभयो । एक पहेंलो वस्त्रधारी श्रमण निर्भयपूर्वक आफूकहाँ आइरहेको देखी अंगुलिमाललाई बडो आश्चर्य लाग्यो कारण उसकहाँ जान कोही हिम्मत गर्न सक्तैनथे । यसरी अंगुलिमालले मनैमन विचार गर्दागर्दै तथागत उनको नजिक आउन थाल्यो । जति जति बुद्ध उसको नजिक पर्न थाल्यो उत्ति नै उहाँको व्यक्तित्वले अलि अलि उसको हृदय विचलित हुन थाल्यो । तैपनि अंगुलिमालले आज आफ्नो लक्ष्यलाई पूरा गर्ने प्रण गरिसकेकोले गौतम बुद्धलाई पछ्याउन अघि सरे । तर बुद्धलाई केही गरे पनि भेट्टाउन सकेन । आखिर थाकेर बुद्धलाई सम्बोधन गर्दै भने–

"ए श्रमण ! रूक न !"

Downloaded from http://dhamma.digital

बुद्धले भन्नुभयो– "म ता खडा भइसकेको छु, तिमी पो दौडिरहेका छौ ।"

अंगुलिमालले भन्यो– म डाकू हुँ । यस बाटोबाट जाने कोही बांच्न सक्तैन, तँ श्रमण के ठानिस् ?

बुद्धले भन्नुभयो– तिमो साँच्चैको डाकू होइन जस्तो लाग्छ । म सोच्दै छु तिमीले केही अपराध गरेको छैन । एक अन्ध-भावनाबाट अन्ध गुरुभक्तिको कारणले तिमीबाट यो नरसंहार गर्न पुगेको जस्तो मलाई लाग्छ । अहिले तिम्रो हृदय पाषाण हो, यो म मान्छु, तर यस पाषाण हृदयले पनि मैनको रूप लिन सक्नेछ । तिमी अहिले पनि अंध्यारोबाट प्रकाशमा आउन सक्छौ ।

तथागतको यस भविष्यवाणीमा उसले आशाको झिल्को देख्यो । ऊ झसङ्ग भयो । अझ पनि ऊ सुध्रिन सक्छु भन्ने भावना उनको मनमा ऊवास्स पर्‍यो । एक क्षणमा नै अंगुलिमालको हृदय स्वतः परिवर्तन भयो । अंगुलिमालले भन्यो– यस्तो अमृतवाणी त मैले कहिले पनि सुनेको थिइन । मलाई यस्तो लाग्छ अब मेरो आँखा खुल्यो । उत्तिखेरै उसले आफ्नो शस्त्र फ्यांकि दियो र विनम्र अनुरोध गर्‍यो– "शास्ता क्षमा गर्नु होला मलाई मार्ग बताई दिनुहोस् ।"

तथागतले उसलाई आफ्नो संघको सदस्य बनाई दिनुभयो । उसले निर्वाण प्राप्त गर्‍यो ।

यस कहानीबाट धेरै शिक्षा लिन सक्छौं । अहिंसक र कुशाग्रबुद्धि भएको कसरी हिंसक नरसंहारक अंगुलिमाल डाकू बन्यो । ईर्ष्या डाहले के गर्न सक्तैन ? स्वतन्त्र चिन्तन नभएकोले विश्वासीहरूबाट कसरी

Downloaded from http://dhamma.digital

विश्वास हटेको ? अन्ध गुरुभक्तिले कसरी विद्वान र शिक्षित व्यक्ति पनि कुपथमा लाग्न सकेको ?

अंगुलिमालले ९९९ मानिसहरू मारिदियो, तैपनि बुद्धको सत्संगले गर्दा यही जन्ममा निर्वाण प्राप्त भरे। हृदय परिवर्तन भइसकेपछि दानव फेरि मानव बन्छ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital

# लेखकको प्रकाशित पुस्तकहरू

## नेपाली भाषामा

१] नेपाल चीन मैत्री
२] बुद्धवाद
३] बौद्ध दर्शन
४] बुद्ध र व्यावहारिक पक्षपाती धर्म
५] पञ्चशील
६] शान्ति
७] नारी हृदय

## नेपाल भाषामा

१] गौतम बुद्ध
२] बुद्धया अर्थनीति
३] तथागत हृदय
४] त्याग
५] दश संयोजन
६] भिक्षुया पत्र भाग १
७] भिक्षुया पत्र भाग २
८] पेकिङ्ग स्वास्थ्य निवास
९] बौद्ध शिक्षा
१०] ह्लापांयाह्म गुरु सु ?
११] हृदय परिवर्तन
१२] बौद्ध ध्यान
१३] बाखं भाग १
१४] बाखं भाग २
१५] बोधिसत्व

मुद्रकः– शाक्य प्रेस ओमबहाल टोल, काठमाडौं। फोन नं. १३४०६

Downloaded from http://dhamma.digital